मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- ०८१/०८२ प्रशासन

सूचना नं.:-

## टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा दर्ताका लागि निवेदन पेश गर्ने सूचना

(सूचना प्रकाशित मितिः २०८१/११/०९ ने.सं. ११४५ सिल्लागा ८ शुक्रवार)

मिति २०८१/१०/२३ को नगरकार्यपालिका बैठकको निर्णय अनुसार "मध्यनेपाल नगरपालिका टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" पारित भएको र सोही कार्यविधि बमोजिम यस नगरपालिका क्षेत्रभित्र तीन पाङ्ग्रे सवारी साधन (टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा) सञ्चालन गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संघ संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा रितपूर्वक निवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यस कार्यालयमा दर्ता नगराई तीन पाङ्ग्रे सवारी साधन सञ्चालन गर्न नपाईने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिलः

१. अनुसूची १ बमोजिमको ढाँचामा निवेदन
२. सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. सवारी साधन खरिद गरेको मिति र खरिद गरेको बिल विजक लगायतको प्रमाण
४. चेसिस नं. खुलेको सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी
५. सवारी चालकको आधिकारिक सवारी चालक अनुमतीपत्रको प्रतिलिपी
६. तेस्रो पक्ष बिमा, यात्रु बिमा गरेको प्रमाण
७. निवेदनको ढाँचा कार्यालयको शोधपुछ कक्षवाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

EMAIL: madhyanepalmun@gmail.com, Phone : 066-410052, 410252, Website:http//madhyanepalmun.gov.np

"व्यवसायिक र सृजनशिल प्रशासनः विकास समृद्धि र सुशासन"